मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

पूर्वाञ्चल

२६ Purwanchal National Daily

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

◆ वर्ष : २६ ◆ अङ्क : ३९ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७७ पुस ११ गते शनिवार (Saturday, December 26. 2020) नेपाल सम्वत् ११४१ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

सूचना

"आर्थिक सशक्तिकरणसहितको सामाजिक जागरण: ग्रामीण तथा शहरी महिलाको जीवनस्तर रुपान्तरण"

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रशारण विभाग

प्रधानमन्त्री ओलीद्वारा मन्त्रीपरिषद् विस्तार

झापा, पुस १०। प्रधानमन्त्री केपीशर्मा ओलीले मन्त्रिपरिषद विस्तार गरेका छन् ।

प्रधानमन्त्री ओलीले प्रतिनिधिसभा विघटन गरेपछि असुन्तुष्ट रहेका सात मन्त्रीले राजीनामा दिएका थिए । सात मन्त्रीले राजीनामा दिएपछि रिक्त रहेको मन्त्रालयमा शुक्रवार टोपवहादुर रायमाझीलाई ऊर्जा, मणि थापालाई खानेपानी, प्रभु साहलाई शहरी विकास र प्रेम आलेलाई वन मन्त्रालयको जिम्मेवारी दिइएको हो ।

नव गठित मन्त्रीमण्डलमा गणेश ठगुन्ना सामान्य प्रशासन, गौरीशंकर चौधरी श्रम र दावा लामा युवा तथा खेलकुदमन्त्री भएका छन् ।

प्रधानमन्त्री ओलीले जुलीकुमारी महतोलाई महिला बालबालिका मन्त्रालयको जिम्मेवारी दिएका छन् । यस्तै विमला विश्वकर्मा उद्योग राज्यमन्त्री बनेकी छन् ।

नेपाल कम्युनिष्ट पार्टी विभाजित भएसँगै प्रधानमन्त्री ओलीले संवैधानिक निकाय र रिक्त रहेका मन्त्रालयमा नियुक्ति प्रक्रियालाई तीव्रता दिएका छन् । यसैबीच नवनियुक्त मन्त्रीहरुले शुक्रवार नै पद तथा गोपनीयताको सपथ लिएका छन् ।

मन्त्रिपरिषद विस्तारअघि प्रधानमन्त्रीले युवा तथा खेलकुदमन्त्री जगत विश्वकर्मा र उद्योग, वाणिज्य तथा आपूर्ति राज्यमन्त्री मोती दुगडलाई हटाएका छन् ।

अस्तव्यस्त बिर्तामोड

बिर्तामोडको विकासमा जनप्रतिनिधि नै उदासीन

झापा, पुस १०। मुलुक संघीय संरचनामा गएपछि बिर्तामोडको मुहार फेरिने धेरैले आशा गरेका थिए । स्थानीय तहको निर्वाचनताका उम्मेदवार बनेका दलका नेताले बिर्तामोडलाई समृद्ध बनाउने उद्घोष गर्दै आ-आफ्नो पक्षमा मतदान गर्न आग्रह गरेका थिए । उनीहरुको आग्रह बमोजिम मतदान पनि भयो । उम्मेदवारको छिनोफानो भयो । आफ्नो मताधिकार प्रयोग गर्दै मतदाताले चुनेर पठाएका प्रतिनिधिले बिर्तामोडलाई समृद्ध बनाउलान् भन्ने सोचेका बिर्तामोडबासी अहिले निराश भएका छन् ।

कारण हो- हिजोको बिर्तामोड आज पनि उस्तै छ । कछुवाको गतिमा विकास भइरहेको बिर्तामोडको मुख्य बजार दिनप्रतिदिन अस्तव्यस्त हुँदैछ । सडकको अवस्था उस्तैछ । फुटपाथ, सडक अतिक्रमण, ट्राफिक व्यस्थापनका कुनै पनि काम हुन सकेको छैन ।

अनारमनी गाविस छदा परिकल्पना गरिएको स्मार्ट सिटीको अवधारणा बिर्तामोड नगरपालिका भएसँगै हराएर गएको छ । केवल र टेलिफोनका तार, जथाभावी राखिएका होर्डिङवोर्ड, ढलको व्यवस्थापन नहुनु र जताततै फालिएको फोहोरमैलाका कारण बिर्तामोड कुरुप भएको छ । बिर्तामोड-१को कञ्चनजंघा अस्पताल पूर्व र राजमार्गकै गिरीबन्धु टी इस्टेटसम्मको सडक अस्तव्यस्त हुँदा समेत त्यसलाई सफा र व्यवस्थित गर्न न नगरपालिका जुटेको छ न त सडक डिभिजन कार्यालय नै । उस्तै छ- भद्रपुर रोडको अवस्था पनि । सडक निर्माणको काम थालेको बर्सौं बिते पनि सो सडक निर्माणको काम अझै सम्पन्न भएको छैन । बिर्तामोड-चन्द्रगढी सडकखण्डको अवस्था पनि उस्तै छ । उता बिर्तामोड- अर्जुनधारा सडकखण्ड, कृषिथोक बजार र बिर्तामोडका भित्री सडकखण्डको अवस्था पनि अस्तव्यस्त छ ।

तस्वीरः इन्टरनेट

बसाइँसराइँको दर उच्च रहेको बिर्तामोडमा विकास निर्माणका काम अलपत्र भएकाले पनि बिर्तामोड अस्तव्यस्त देखिएको हो । दीर्घकालीन योजना विना नै विकास निर्माणका काम गर्दै र भत्काउँदै गर्दा बिर्तामोडको मुहार फेरिन नसकेको स्थानीयको भनाइ छ । पूर्व-पश्चिम महेन्द्र राजमार्गस्थित बिर्तामोड सडकखण्ड अन्तर्गत पर्ने सडकलाई फराकिलो बनाउँदै सवारी जाम घटाउने र भीडभाड कम गराउने, हरित नगर बनाउने, फोहोरमैलारहीत शहर बनाउने, प्लाष्टिकमुक्त नगर बनाउने लगायतका धेरै योजनाअघि बढे पनि कार्यान्वयन नहुँदा बिर्तामोडको सुन्दरता नै हराएर गएको छ ।

बिर्तामोडका सडकलाई मापदण्ड अनुसार फराकिलो बनाइँदै जाने योजना अघि सारिए पनि काम नहुँदा साँघुरा सडक सवारीको चापले अस्तव्यस्त हुने गरेको छ । हर्कलाल मार्ग हुँदै बिर्ताबजार पश्चिमको सडकलाई रिङ रोड बनाउने र मुख्य बजारको सवारीको चापलाई कम गर्ने योजना अघि सारिए पनि सबै योजना योजना मा नै सीमित छन् । साना ठूला सवारीको उच्च चाप, जिल्ला भरि सञ्चालनमा रहने तीन पाङ्ग्रे अटो बिर्तामोड केन्द्रीत हुनु र यात्रु तानातानले मुख्य सडक अस्तव्यस्त देखिएको छ । सहायक सडकमा पनि तीन पाङ्ग्रे अटो र सीटी सफारीका कारण जाम हुन शुरु भएको छ ।

सवारी साधनको चाप बढेसँगै त्यसलाई व्यवस्थापन गर्न राजमार्ग अन्तर्गत अन्धुवा खोलाको दायाँ-बायाँ पक्की

(बाँकी अन्तिम पृष्ठमा)

बलात्कार भयावहः इलाममा ९० घटना

झापा, पुस १०। समाजमा बलात्कारका घटना भयावह बनेको देखिएको छ । इलाममा चार वर्ष (२०१७-२०२०) को अवधिमा ९० वटा बलात्कारका घटना भएका छन् ।

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)का अनुसार सन् २०१७मा ३२, ०१८मा २३, ०१९मा २१ र ०२०मा १४ वटा बलात्कारका घटना भएका थिए । यस्तै सन् २०१६मा ११, २०१५मा २१ र २०१४मा ११ बलात्कारका घटना भएका थिए । यसमध्ये बलात्कारमा पर्ने बालिका बढी देखिन्छन् ।

इन्सेकका अनुसार सन् २०१७मा बलात्कारका ३२ घटनामा २२ बालिका र १० महिला, सन् ०१८मा २३ घटनामा १५ बालिका र आठ महिला तथा सन् ०१९मा २१ घटनामा बालिकाको संख्या १३ र महिलाको संख्या आठ थियो । पछिल्लो चार वर्षमा आत्महत्याका २६५, बलात्कारका ९०, घरेलु हिंसा ८५, बहुविवाह १७, हत्या १५, मानव बेचबिखन आठ, बलात्कारपछि हत्या तीन, जातीय विभेद र कुटपिट दुई/दुई र बालविवाह एक भएको इन्सेकको तथ्याङ्कले देखाउँछ ।

यस वर्ष अन्य घटनाका तुलनामा आत्महत्याको घटना बढी भएको छ । यस वर्ष ११४ वटा आत्महत्याका घटना देखिएको इन्सेक इलामका प्रतिनिधि कोकिला ढकालले जानकारी दिइन् । आर्थिक अवस्था कमजोर भएका महिला र बालिका बलात्कारको शिकार हुने गरेको उनले बताइन् । आर्थिक सङ्कट टार्नका लागि काम गर्नुपर्ने बाध्यता हुनाले बलात्कारमा पर्न सक्ने जोखिम रहेको उनको भनाइ छ । परपुरुषसँग मात्र नभई अभिभावकबाट बलात्कृत हुने क्रम पनि बढेको बताइएको छ । हिंसाका घटना घरभित्रैबाट शुरु हुने र तिनै घटना बलात्कारसम्म पुग्ने गरेको मानवअधिकारकर्मीको भनाइ छ ।

(बाँकी अन्तिम पृष्ठमा)

सर्वोच्चले भन्यो

प्रतिनिधि सभा विघटनको कारण देखाऊ

झापा, पुस १०। सर्वोच्च अदालतले प्रतिनिधि सभा विघटन गर्ने सरकारको निर्णयमा कारण देखाऊ आदेश जारी गरेको छ ।

संवैधानिक इजलासले पुस १९ गतेभित्र लिखित जवाफ पेश गर्न सरकारका नाममा आदेश जारी गरेको हो । प्रधानन्यायाधीश चोलेन्द्र शम्शेर राणा तथा न्यायाधीशहरु हरिकृष्ण कार्की, विश्वम्भरप्रसाद श्रेष्ठ, अनिलकुमार सिन्हा र तेजबहादुर केसीको संवैधानिक इजलासले प्रतिनिधिसभा विघटन गर्नुपर्ने कारणको लिखित जवाफ पेश गर्न भनेको हो ।

यस्तै प्रतिनिधिसभा विघटन गर्ने मन्त्रिपरिषद्बाट भएको निर्णयको सक्कलप्रति, राष्ट्रपतिको निर्णयको सक्कल प्रतिका साथै प्रतिनिधिसभासँग सम्बन्धित आवश्यक कागजात पेश गर्न पनि सर्वोच्चले आदेश दिएको छ ।

(बाँकी अन्तिम पृष्ठमा)

प्रचण्ड–माधव समूह सडकमा

झापा, पुस १०। संसद विघटनविरुद्ध प्रचण्ड-माधव नेपाल समूहले सडकमा प्रदर्शन गरेका छन्।

समूहबाट अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड र माधवकुमार नेपालसहितका नेताहरुको अगुवाईमा माइतीघर मण्डलाबाट शुरु भएको प्रदर्शन निर्वाचन आयोगसम्म पुगेको हो ।

(बाँकी अन्तिम पृष्ठमा)

प्रधानमन्त्री र राष्ट्रपतिको पुत्ला दहन

भद्रपुर, पुस १०। प्रधानमन्त्री केपी शर्मा ओलीकै गृह जिल्ला झापामा प्रधानमन्त्री र राष्ट्रपतिको पुत्ला दहन गरिएको छ । प्रधानमन्त्री ओलीको गैरसंवैधानिक कदमविरुद्ध प्रदर्शन गर्दै जनता समाजवादी पार्टी झापा जिल्ला समन्वय समितिले प्रधानमन्त्री र राष्ट्रपतिको पुत्ला दहन गरेको हो ।

पार्टीको पूर्वघोषित कार्यक्रम अनुसार जनता समाजवादी पार्टीले शुक्रवार झापाको सदरमुकाम भद्रपुरस्थित ट्रेड युनियन चोकमा विरोध प्रदर्शन गर्दै पुत्ला दहन गरेको थियो ।

संसद् विघटनको असंवैधानिक निर्णय मान्दैनौं, निरकुंशता तथा अधिनायकवाद मुर्दावाद लगायतका नारासहित व्यानरसहित प्रदर्शनमा उत्रिएका समाजवादीका कार्यकर्ताहरूले सदरमुकाम बजार परिक्रमा गर्दै कोणसभा गरेका थिए । कोणसभामा बोल्दै पार्टीका केन्द्रीय सदस्य सूर्यनारायण गणेशले

(बाँकी अन्तिम पृष्ठमा)

बिर्तामोडमा राँके जुलुस

बिर्तामोड, पुस १०। नेपाल कम्युनिष्ट पार्टी नेकपाको नेपाल-दाहाल समूहका युवा विद्यार्थीले प्रधानमन्त्री केपीशर्मा ओलीको विरोध गर्दै शुक्रवार बिर्तामोडमा राँके जुलुस निकालेका छन् ।

प्रधानमन्त्री ओली र राष्ट्रपति विद्यादेवी भण्डारीले चालेको असंवैधानिक कदमले देशमा अस्थिरता कायम भएको भन्दै बिरोध स्वरुप राँके जुलुस निकालेको बताइएको छ । प्रतिनिधिसभाको पुनःस्थापन गर्नुपर्ने जुलुसमा सहभागीले माग गरेका थिए । बिर्तामोडको भद्रपुर रोड, शनिश्चरे रोड र पश्चिम बस स्टेण्डबाट एकै साथ निकालेको राँके जुलुस मुक्तिचौकमा पुगेर सभामा परिणत भएको थियो । राँके जुलुसलाई प्रहरीले हस्तक्षेप गरेको थियो ।

राँके जुलुसपछि मुक्ति चौकमा भएको सभामा बोल्ने नेकपा प्रदेश कमिटी सदस्य बिनोद आचार्य र नेकपा झापाका सचिव विजय

(बाँकी अन्तिम पृष्ठमा)

श्रीमान् विदेश : श्रीमती परपुरुषसँग गएपछि ...

झापा, पुस १०। तनहुँ जिल्लाको व्यास नगरपालिका-१ भादगाउँ निवासी एक महिला श्रीमान् विदेश भएको मौका छोपी परपुरुषसँग लागेपछि तीन वर्षीय छोरीसमेत बेखबर बनेकी छन्।

पाँच दिनदेखि बुहारी हराएपछि जेठाजुले खोजी गर्नका लागि भन्दै प्रहरी कार्यालयमा जाहेरी दिएका छन् । हराएकी महिला खोज्न प्रहरीले कदम चालिरहेको अवस्थामा पुनः दुई दिनपछि उनै व्यक्तिले बालिका पनि हराएकाले खोजी गर्न भन्दै जाहेरी दिएको जिल्ला प्रहरी कार्यालय तनहुँले जनाएको छ ।

महिला परपुरुषसँग गएको भन्ने जानकारी पाए पनि फेला पार्न भने नसकिएको जिल्ला प्रहरी कार्यालय तनहुँका प्रहरी नायब उपरीक्षक युवराज तिमिल्सेनाले जानकारी दिए । पोखराका एक पुरुषसँग ती महिला गएको र एक दिन उनैको घरमा बसेको भन्नेसम्म सुराकी पाएका थियौँ- उनले भने- उक्त स्थानमा भोलिपल्ट जाँदा प्रहरीले दुवैलाई फेला पार्न सकेन ।

पोखरा निवासी ती पुरुषको घर प्रहरीले पत्ता लगाईसके पनि कसैलाई भेटाउन नसकिएको जिल्ला प्रहरी कार्यालय तनहुँले जनाएको छ । ती बालिकालाई पनि उनीहरुले सँगै लगेको हुनसक्ने अनुमान गरेका छौँ- प्रहरी नायब उपरीक्षक तिमिल्सेनाले भने- प्रहरीले ती महिला र पुरुषको खोजी कार्यलाई तीव्रता दिँदै आएको छ ।

सूचना

उत्पादकमा अनुरोध

१) आफूले उत्पादन गर्ने वस्तुको उपयुक्त प्याकिङ गरौं ।
२) उत्पादनको प्याकिङमा वस्तुको उत्पादनको नाम, उत्पादन मिति, प्रयोग गर्न सकिने अन्तिम मिति, प्रयोग भएका Ingredients, तौल, अधिकतम् खुद्रा मूल्य प्रष्ट रुपमा देखिने गरी लेबलिङ गरौं ।
३) कुनै विक्रेताले आफ्नो उत्पादनको प्रयोग गर्न सकिने म्यादभित्र विक्री गर्न नसकेका उत्पादनहरु फिर्ता लिई नयाँ उत्पादनले प्रतिस्थापन गर्ने पद्धति बसालौं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रशारण विभाग

पायल्स तथा फिस्टुलाको उपचार

पायल्स फिस्टुला, दिसाबाट रगत बग्ने, मासु पलाएको, घाउ भएको, बेर्नु झर्ने, पुरानो कब्जियत र दिसाघर चिलाउने जस्ता रोगहरुको विशेषज्ञ सेवा यही **पुस १०, ११ र १२** काठमाडौंबाट आउनुहुने डाक्टरबाट उपचार हुँदैछ । बिरामीले सम्पर्क गरी स्वस्थ हुनुहोस् ।

ॐ धनवन्तरी आयुर्वेद क्लिनिक
बाणिज्य बैंक छेउ, बिर्तामोड, झापा (फोन नं. ०२३-५४०५३०, ९८५२६७३१७३)

भारतको प्रख्यात सर गंगाराम हस्पिटलमा
अध्ययन गर्नुभएका
हाल नर्भिक हस्पिटल काठमाडौंबाट
डा. अभिलाषा शाह
MBBS, MD (Internal Medicine)
Fellowship in REHEUMATOLOGY (Gripmer)
वरिष्ठ वाथ तथा इम्युनिटी सिस्टम रोग विशेषज्ञ ।
यसपटक पुस ११ गते शनिवार आउँदै हुनुहुन्छ ।
सम्पर्कः कन्काई हस्पिटल प्रा.लि.
बिर्तामोड, झापा (फोन नं. ०२३-५४३८०७)

पूर्वाञ्चल दैनिकको कार्यालयको
फोन नम्बर परिवर्तन
पहिले ०२३-५४१००२/ ५४००४४
अहिले ०२३-५३१००२/ ५३००४४

बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर, अष्टाङ्ग आयुर्वेद फार्मेसी

दैनिक OPD, क्षारसुत्र, पायल्स, फिसर, फिस्टुला, हाडजोर्नी नशा, माइग्रेन तथा अन्य जुनसुकै रोगको उपचारका लागि **सम्पर्क : ९८०६०००३१३/०२३-५९०१६६**

लाखौंको सूर्तीसहित चार जना नियन्त्रणमा

सुनसरी, पुस १०। भारतबाट चोरी पैठारी गरी ल्याएको करिव ५ लाख रुपैयाँ भन्दा बढीको सुर्तीजन्य पदार्थ बरामद गरिएको छ ।

विशेष सुराकका आधारमा इलाका प्रहरी कार्यालय इटहरीबाट गस्तीमा खटिएको प्रहरी टोलीले शुक्रवार विहानको राति १ बजे इटहरी उपमहानगरपालिका-५ कलङ्की एरियाबाट को१ख ६८९० नम्बरको मिनी ट्रक नियन्त्रणमा लिएको थियो । मिनी ट्रक नियन्त्रणमा लिई चेकजाँच गर्दा ट्रकभित्र लुकाईछिपाई राखिएको अवस्थामा ३३ बोरा सुर्तीजन्य पदार्थ र ३६ बोरा सैनिक लेखिएको तयारी खैनी फेला पारी बरामद गरिएको इलाका प्रहरी कार्यालय इटहरीले जनाएको छ ।

साथै बरामद गरिएको सुर्तीजन्य पदार्थका धनी कोशी-५का ३६ बर्षीय कैसर आलमलाई नियन्त्रणमा लिएको प्रहरीले जनाएको छ । ट्रक चालक मोरङ सुन्दरहरैचाका २३ बर्षीय सैयद आलम र ओसारपसारमा संलग्न कोशी-५का ३३ बर्षीय महबुव आलम र ३४ बर्षीय सम्पतलाल कामत समेतलाई नियन्त्रणमा लिएको जनाइएको छ ।

बरामद गरिएको सुर्तीजन्य पदार्थको बजार मूल्य ५ लाख १६ हजार रुपैयाँ कायम गरी ट्रक र पक्राउ परेका मानिस समेतलाई आवश्यक कारबाहीको लागि श्री सेतुबन्ध भन्सार कार्यालय कोशी व्यारेजमा बुझाइएको छ ।

कोरियाले ५२००० कामदार लाने

झापा, पुस १०। दक्षिण कोरियाको प्रवासी श्रमिक कोटा निर्धारण समितिको बुधबार बसेको बैठकले सन् २०२१ लागि इपिएस अन्तर्गत लैजाने प्रवासी श्रमिकको कोटा ५२ हजार निर्धारण गरेको छ । यो संख्या नेपालसहित अन्य १६ मुलुकका लागि हो । यो संख्या २०२० को तुलनामा चार हजार कम हो ।

कोरोनाका कारण २०२० को कोटामध्येका ३० हजार ९०९ प्रवासी श्रमिक कोरिया आउन पाएका छैनन् । सन् २०२१ मा तोकिएको ५२ हजारमध्ये उत्पादन क्षेत्रमा ३७ हजार ७००, कृषि क्षेत्रमा छ हजार ४००, मत्स्यपालन क्षेत्रमा तीन हजार, निर्माण क्षेत्रमा एक हजार ८००, सेवा क्षेत्रमा (पुरानो सामान बटुल्ने छान्नेमा) १०० जना तोकिएको छ । यो कोटामध्ये ४० हजार नयाँ आउनेछन् भने १२ हजार कमिटेड (प्रतिबद्ध पुनः प्रवेश) श्रमिक आउनेछन् । अप्रिलसम्ममा २२ हजारको रोजगार अनुमतिपत्र जारी गरिने भनिएको छ ।

कमलमा कर शिक्षा

कमल, पुस १०। आन्तरिक राजश्व कार्यालय दमकको आयोजना र कमल उद्योग वाणिज्य संघको व्यवस्थापनमा केर्खामा एकदिने कर शिक्षा तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।

‘स्वस्छ पारदर्शी र प्रविधिमैत्री कर प्रशासन : विकास सम्मृद्धि र सुशासन’ भन्ने नाराका साथ कमल गाउँपालिकामा व्यापार व्यावसाय तथा उद्योग सञ्चालन गर्दै आएका व्यवसायीलाई व्यक्तिगत तथा व्यवसायिक स्थायी लेखा नम्वर लिने प्रक्रिया, खरिद विक्री खाता, सामान खरिद विक्री गर्दा अनिवार्य विल विजक लिनु-दिनुपर्ने, आर्थिक ऐन २०७७ले गरेका विषेश छुट व्यवस्थाका, करचुक्ता विवरण लगायतका विषयमा आन्तरिक राजश्व कार्यालय दमकका कर अधिकृत देवेन्द्रकुमार लिम्बूले सहजीकरण गरेका थिए ।

नेपाल सरकारको बजेट भाषणमा उल्लेख भए अनुसार चालूआर्थिक वर्षको फागुन महिनासम्ममा कर विवरण भर्न छुट भएका करदाताले विवरण बुझाएमा स्कीम अनुसार व्याज र हर्जाना छुट हुने आन्तरिक राजश्व कार्यलय दमकका प्रमुख डमरु पराजुलीले बताए ।

कार्यक्रममा व्यवसायीका तर्फबाट अग्निप्रसाद कोइराला, राम दाहाल, युवराज पाठक, एपिलाल इङ्नाम लगायतले व्यवसाय सञ्चालन गर्दा कर सम्बन्धी देखिएका समस्याका बारेमा जिज्ञासा राखेका थिए ।



चर्चामा एड्रियानी

बलिउड अभिनेता अरबाज खानकी गर्लफ्रेण्ड जर्जिया एड्रियानी निकै चर्चामा रहन्छिन् ।

हालै उनले बिकिनीमा आफ्ना केही तस्वीर शेयर गरेकी छिन् । उनका यी तस्वीरहरू इन्टरनेटमा भाइरल भएका छन् । उनका फ्यानहरूले उनको समुद्रकिनारको यो लुकलाई निकै मन पराएका छन् । यी तस्वीरहरू उनको व्यवसायिक फोटोशुटको भएको बताइएको छ ।

जर्जिया र अरबाज खानले केही समयदेखि एक अर्कालाई डेट गरिरहेका छन् । यो जोडीलाई पारिवारिक आउटिङ र डिनरमा साथमा देखिन्छ । आइतबार जर्तियाले अरबाजसँग एक तस्वीर शेयर गरेकी थिइन् । अरबाज खान र मलाइका अरोरा बिहेको १८ वर्षपछि २०१६मा छुट्टिएका थिए । उनीहरूका छोरा अरहान छन् ।

१३ जना जुवाडे पक्राउ

उदयपुर, पुस १०। उदयपुर उदयपुरगढी-६स्थित एक घरबाट जुवा खेलिरहेको अवस्थामा १३ जना जुवाडे पक्राउ परेका छन् ।

पक्राउ पर्नेमा उदयपुरगढी-५का ३१ बर्षीय सुशीलकुमार गुरागाँई, ३२ बर्षीय मनोज थापा, उदयपुरगढी-६ का २८ बर्षीय सुरजकुमार मगर, ३० बर्षीय जीवन गिरी, ३० बर्षीय धर्मनाथ दाहाल, ३१ बर्षीय दुर्गारमण दाहाल, ३२ बर्षीय युवराज कार्की, ३३ बर्षीय यादव खत्री र ४० बर्षीय शरद खत्री रहेका छन् ।

यसैगरी रौतामाई-७का ४३ बर्षीय प्रकाश दाहाल छन् भने उदयपुरगढी-८ का २७ बर्षीय सुदीप खत्री, ४० बर्षीय श्याम खत्री र ४२ बर्षीय बिदुर खत्री रहेका छन् । घरमा जुवा खेलिरहेको भन्ने विशेष सुराकका आधारमा शुक्रवार विहानको राति ३ बजे जिल्ला प्रहरी कार्यालय उदयपुरबाट खटिएको प्रहरी टोलीले उनीहरुलाई नियन्त्रणमा लिएको थियो ।

प्रहरीले जुवाको खालबाट नगद ५८ हजार ८ सय ५ रुपैयाँ, १६ थान कौडा, १२ थान मोबाइल र ८ थान मोटरसाइकल समेत बरामद गरेको छ । यसरी जुवा खेलिरहेको अवस्थामा पक्राउ परेका सबै जना उपर कानूनी कारबाही अगाडि बढाइएको जिल्ला प्रहरी कार्यालय उदयपुरले जनाएको छ ।

ब्राउनसुगरसहित एक महिला पक्राउ

झापा, पुस १०। झापाको मेचीनगरमा एक महिला प्रतिबन्धित लागूऔषध ब्राउन सुगरसहित पक्राउ परेकी छन् ।

इलाका प्रहरी कार्यालय काँकरभिट्टा र लागूऔषध नियन्त्रण कार्यालयबाट खटिएको प्रहरी टोलीले मेचीनगर-६मा भारतबाट नेपालतर्फ आउँदै गरेका मेचीनगर-१ निवासी ३१ वर्षीया हेमा गणेशलाई ब्राउन सुगरसहित पक्राउ गरेको हो ।

उनले बोकी ल्याएको २८ ग्राम ब्राउनसुगर बरामद गरी आवश्यक अनुसन्धान तथा कानूनी कारबाहीको लागि इलाका प्रहरी कार्यालय काँकरभिट्टामा राखिएको जिल्ला प्रहरी कार्यालय झापाले जनाएको छ ।

त्यस्तै लागूऔषध मुद्दामा फरार एक प्रतिवादी पक्राउ परी जेल चलान भएका छन् । जेल चलान हुनेमा मेचीनगर-१ बस्ने ४० वर्षीय हुसन्ना भन्ने मोहम्मद हुसेन मिया रहेका छन् । झापा जिल्ला अदालत भद्रपुरको २०७६ असार २५ गतेको फैसला अनुसार लागूऔषध मुद्दाका प्रतिवादी मियालाई ३ वर्ष कैद र २० हजार रुपैयाँ जरिवाना तोकिएको थियो ।

दुर्घटनामा दुई जनाको मृत्यु

झापा, पुस १०। स्कुल बससँग मोटरसाइकल ठोक्किँदा झापा, गौरादह नगरपालिका-८ भूँडीसिमलका ६६ वर्षीय ढावालाल राजवंशीको शुक्रवार मृत्यु भएको छ ।

पूर्व-पश्चिम राजमार्ग अन्तर्गत जिल्लाको कन्काई-३ सुरुङ्गास्थित हरिकुल विद्यालय अगाडि मे१क १४१ स्कुल बससँग ठोक्किँदा मे९प ५५६६ नम्बरको मोटरसाइकलमा सवार राजवंशीको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय झापाले जनाएको छ ।

ठक्करबाट सख्त घाइते भएका राजवंशीको विर्तामोडस्थित बीएण्डसी अस्पतालमा उपचारका क्रममा मृत्यु भएको हो । प्रहरीका अनुसार दुर्घटनामा परेर मोटरसाइकलका चालक गौरीगञ्ज गाउँपालिका-३का २८ वर्षीय दिनेश्वर राजवंशीको बायाँ खुट्टा भाँच्चिएको छ । हाल उनको सोही अस्पतालमा उपचार भइरहेको छ । प्रहरीले दुर्घटनामा संलग्न बस र कन्काई नगरपालिका-३ बस्ने अन्दाजी ४८ वर्षीय बस चालक तिलक बुढाथोकीलाई अनुसन्धानका लागि नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता राकेश थापाले बताए ।

यसैबीच झापामा भएको सवारी दुर्घटनामा परी एक जनाको मृत्यु भएको छ ।

झापाको कन्काई नगरपालिका-४ कोटीहोम छेउमा पश्चिमबाट पूर्वतर्फ जाँदै गरेको डब्लूवी-६१ए-९३८५ नम्बरको ग्यास बोक्ने ट्याङ्करले बिपरीत दिशाबाट आउँदै गरेको मे११प ३५८३ नम्बरको मोटरसाइकलाई ठक्कर दिएको थियो ।

ट्याङकरको ठक्करबाट मोटरसाइकल चालक इलामको माई जोगमाई गाउँपालिका-४का ४० बर्षीय शुभराज लिम्बू र सोही मोटरसाइकलको पछाडि सवार निजकै भाइ ३६ बर्षीय चन्द्रकुमार लिम्बू घाइते भएका थिए । घाइतेहरुलाई उपचारको लागि बीएण्डसी अस्पताल लगिएकोमा उपचारको क्रममा पछाडि सवार चन्द्रकुमारको मृत्यु भएको छ । ट्याङ्कर र चालकलाई इलाका प्रहरी कार्यालय सुरुङ्गाले नियन्त्रणमा लिएको छ ।

बलात्कार ...

घटना ढाकछोप गर्न मिलापत्र गर्नेदेखि पीडितलाई मार्नेसम्मका जघन्य अपराधका घटनासमेत बढेकाले यसबाट बच्न सचेतनाका कार्यक्रम ल्याउन आग्रह गरिएको छ ।

यता जिल्ला प्रहरी कार्यालय इलामका प्रमुख नवीनराज राईले महिला बढी प्रभावित भएकाले न्यूनीकरणका लागि विभिन्न तालिमका कार्यक्रम ल्याइएको जानकारी दिए । मानवअधिकार उल्लंघनका घटना बढेकाले महिलालाई उत्प्रेरणा दिने कार्यक्रम ल्याइएको प्रहरी प्रमुख राईले बताए ।

प्रचण्ड ...

प्रदर्शनअघि नेताहरुले माइतीघरको सडकमै बसेर प्रदर्शन गरेका थिए । उनीहरुले सर्वोच्च अदालतमा संसद विघटनको रिट पेशीमा राखेको दिन अदालत नजिकै माइतीघरमा ‘हामी यहाँ छौं’ भन्दै धर्नामा बसेका थिए ।

बिर्तामोडमा ...

साङ्पाङले असंवैधानिक कदम तत्काल खारेज गर्नुपर्ने माग गरेका थिए । उनीहरुले प्रधानमन्त्री र राष्ट्रपतिको चर्को रुपमा आलोचना गरेका थिए ।

प्रतिनिधिसभा ...

प्रतिनिधिसभा विघटन गर्ने सरकारको निर्णयविरुद्ध परेको रिटको निरुपण गर्नका लागि सर्वोच्च बारबाट अदालतको सहयोगी एमिकस क्यूरी झिकाउने पनि निर्णय भएको छ ।

गत आइतबार सरकारको सिफारिसमा राष्ट्रपतिले प्रतिनिधि सभा विघटन गरेकी थिइन् । सो कदम असंवैधानिक भएको भन्दै खारेजीको माग गरेर १४ वटा रिट दायर भएको थियो । सबै रिटको शुक्रवार संवैधानिक इजलासमा संयुक्त रुपमा प्रारम्भिक सुनुवाई भएको हो ।

प्रधानमन्त्री ...

प्रधानमन्त्री ओलीले संसद् विघटन गरी मुलुकलाई ध्वस्त बनाउने खेलमा लागेको आरोप लगाए ।

प्रधानमन्त्री ओली निरंकुशता तथा अधिनायकवादतर्फ लागेको आरोप लगाउँदै समाजवादी पार्टीका झापा अध्यक्ष दिपेनवाला राईले संसद् विघटनको निर्णय तत्काल फिर्ता गर्नु माग गरे । कार्यक्रममा केन्द्रीय सदस्य भक्त खेवाङ, देउकुमार नेम्बाङ, विद्यार्थी नेता दिनेश दंगाल लगायतले मन्तव्य राखेको जनता समाजवादी पार्टीका भद्रपुर नगर अध्यक्ष सत्रुधन चौधरीले जानकारी दिए ।

अस्तव्यस्त ...

पुल निर्माण शुरु गरिए पनि समयमा काम सम्पन्न नहुँदा दुर्घटनाको जोखिम बढेको छ । स्थानीय तहको निर्वाचन सम्पन्न भएलगत्तै आएका जनप्रतिनिधिले विकास निर्माणलाई प्राथमिकता दिने आश देखाए पनि अहिलो सबै काम अलपत्र हुँदा जनता निराश मात्र छैनन्, उनीहरुप्रति वितृष्णा नै जागेको बिर्तामोडका स्थानीयबासी गायत्री शिवाकोटीले बताए ।

व्यापारिक दृष्टिकोणले समेत अत्यन्त व्यस्त शहरका रुपमा रहेको बिर्तामोडमा सार्वजनिक शौचालय नहुनु प्रमुख समस्या छ नै त्यत्तिकै समस्याका रुपमा रहेको छ, फोहोरमैला व्यवस्थापन पनि । फोहोरमैला व्यवस्थापनका लागि डम्पिङ साइडको व्यवस्थापन गर्न नसक्दा वर्षेनि दुर्गन्धित हुँदैछ- बिर्तामोड । यस्तो अवस्था हुँदा पनि बिर्तामोडका जनप्रतिनिधिले त्यसतर्फ ध्यान दिएका छैनन् ।

बिर्तामोड उद्योग वाणिज्य संघले बिर्तामोड नगरपालिकालाई घुम्ती शौचालय खरिद गरेर दिए पनि त्यसको संरक्षण र रेखदेख नहुँदा शौचालय नै अलपत्र छ । बिर्तामोड नगरपालिकाले फोहोर व्यवस्थापन गर्न नसक्दा बिर्तामोड क्षेत्रबाट दिनहुँ निस्कने फोहोर बिगतका वर्षदेखि नै पूर्वपश्चिम महेन्द्र राजमार्गको सडकपेटीमा पुरिँदै आएको छ । कहिले खाद्य संस्थानको कार्यालय अगाडि त कहिले गिरी बन्धु टी इस्टेट अगाडि नगरको फोहोर पुरिँदैछ । डम्पिङ साइट नहुँदा नगरको फोहर सडकको पेटीमा पुर्नु हानिकारक भए पनि त्यसलाई नियमन गर्ने निकायले नै सडकमा फोहर पुर्नाले बिर्तामोडमा फोहर व्यवस्थापनको समस्या विकराल छ भन्ने स्पष्ट हुन्छ ।

अर्जुनधारा नगरपालिका, कनकाई नगरपालिका र बिर्तामोड नगरपालिकाले फोहर व्यवस्थापनका लागि पहल गरिरहेको भन्दै आए पनि फोहरको दीर्घकालीन समाधान भने अझै हुन सकेको छैन । नगरपालिका आफैंले सडकमा खाल्डो बनाएर फोहर पुर्न थालेपछि स्थानीयले त्यसको बिरोध गरेका छन् । तर, नगरपालिकाले स्थानीयको बिरोधको वास्ता गरेको छैन । अहिले पनि बिर्तामोडबाट निस्किएको फोहोर सडक किनारमै फालिँदै आएको छ ।

नगरको फोहोर व्यवस्थापन गर्न नसक्नुमा स्थानीय जनप्रतिनिधिहरु नै दोषी रहेको स्थानीयको आरोप छ । फोहरमैला व्यवस्थापन ऐन २०६८को दफा ५०ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले फोहरमैला व्यवस्थापन नियमावली २०७० जारी गरे पनि कार्यान्वयन नहुँदा बिर्तामोड नगरपालिकाले बाटोमा फोहर फ्याँक्दै आएको छ ।

विद्युत् आपूर्ति अवरुद्ध हुने बारेको सूचना

यस नेपाल विद्युत् प्राधिकरण अनारमनी वितरण केन्द्र अन्तर्गतका तपशिल बमोजिमका स्थानमा तपशिल बमोजिमको समय विद्युत् आपूर्ति अवरुद्ध हुने बारेको व्यहोरा जानकारीको लागि अनुरोध छ । साथै यसबाट ग्राहक महानुभावहरुमा पर्न जाने असुविधाप्रति नेपाल विद्युत् प्राधिकरण अनारमनी वितरण केन्द्र क्षमाप्रार्थी छ ।

मिति	फिडरको नाम	स्थान	समय	कारण	कैफियत
२०७७।९।११	११ केभी गरामनी फिडर ११ केभी बजार फिडर ११ केभी चारआली फिडर ११ केभी धुलावारी फिडर	अनारमनी वितरण केन्द्र अन्तर्गत बिर्ताबजार क्षेत्र सम्पूर्ण, सैनिकमोड आसपास, सैनिकबजार, गरामनी चोक, दक्षिण, गोलधाप, पञ्चकन्या क्षेत्र, चारआली क्षेत्र सबै, बिर्तामोड पूर्वपश्चिम बजार क्षेत्र सबै, मातामन्दिर, महानन्द चोक क्षेत्र सबै, पूर्व बसस्टेण्ड क्षेत्र सबैमा विद्युत् आपूर्ति बन्द हुने ।	२०७७ पुस ११ गते शनिवार विहान ७:०० बजेदेखि बेलुका ५:०० बजेसम्म	बिर्तामोड भद्रपुर रोड (विजुली अफिस छेउ)मा विद्यूत् पोल गाड्ने तथा लाइन तान्ने कार्य गर्नुपर्ने ।	उल्लेखित समय भन्दा १ घण्टा अघि वा पछि हुन सक्नेछ ।

नेपाल विद्युत् प्राधिकरण
अनारमनी वितरण केन्द्र, बिर्तामोड, झापा

समृद्धि बचत तथा ऋण सहकारी संस्था लि.
भद्रपुर-५, झापाको
आठौं वार्षिक साधारणसभा हुने बारेको सूचना

कोरोना भाइरस (Covid-19) संक्रमणको जोखिमको कारण नियमित प्रक्रियाबाट सहकारीको साधारणसभा गर्न कठिनाई भएको अवस्थामा सहकारी विभागको साधारणसभा सम्बन्धि निर्देशिका २०७७।०६।०१को चलानी नं. २०२ को परिपत्र अनुसार भर्चुअल तथा अनलाइन विधिबाट बार्षिक साधारणसभा गर्न सकिने प्रावधान भइ आएकोले सोही कार्यविधिको अधिनमा रही साधारणसभा सम्पन्न गर्न यस समृद्धि बचत तथा ऋण सहकारी संस्था लि., भद्रपुर-५को सञ्चालक समितिको मिति २०७७।०९।०४ गतेको निर्णय अनुसार यस संस्थाको आठौं बार्षिक साधारणसभा मिति २०७७।०९।१८ गते हुने र सो अगावै संस्थाको बार्षिक प्रगति प्रतिवेदन सदस्यहरुलाई उपलब्ध गराइने हुँदा प्रतिवेदन अध्ययन गरी आवश्यक सुझाव तथा पृष्ठपोषण उपलब्ध गराइदिनुहुन सम्पूर्णशेयर सदस्यज्यूहरुलाई हार्दिक अनुरोध गर्दछौं ।

योगेन्द्र पौडेलः अध्यक्ष

वितरण आवश्यकता

लक्ष्मीपुर-पञ्चकन्या हुँदै बिर्तामोडका केही भाग र लक्ष्मीपुरबाट दुर्गापुर-चम्पापुर सिमसारका लागि वितरकको आवश्यकता भएकोले इच्छुकले सम्पर्क गर्नुहोला ।
नोटः साइकल भएको २ जना, पाँच/पाँच हजार सेलरी ।
मोटरसाइकल भए १ जना मात्र दश हजार सेलरी ।
सम्पर्कः ९८१६६४१५७३, ९८०१४०४०००

बिर्ता (सेफ्टी तथा ढल सफाई)
बिर्तामोड, झापा

(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)

पूर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ ।

भूपाल बुढाथोकी
☎ 023-545402
9825952677
9825952680

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।

कर्मचारी आवश्यकता सम्बन्धी सूचना

प्रथमपटक प्रकाशित मितिः२०७७।०९।११

यस संस्थाको लागि बजार प्रतिनिधि पदमा कर्मचारी आवश्यकता परेकाले १८ बर्ष पूरा भई ३० बर्ष ननाघेका नेपाली नागरिकबाट देहाय बमोजिम दरखास्त आव्हान गरिन्छ ।

क्र.स.	पद	तह	संख्या	शैक्षिक येग्यता	क्षेत्र	तलब सुविधा
१	बजार प्रतिनिधि	चौथो	१ महिला/पुरुष	एसईई उत्तीर्ण, कम्प्युटर सम्बन्धी ज्ञान भएको	बिर्तामोड क्षेत्र	संस्थाको नियमानुसार
२	बजार प्रतिनिधि	चौथो	१ पुरुष		गौरादह क्षेत्र	

१) दरखास्त दिने अन्तिम मितिः २०७७।०९।१५
२) परीक्षाको किसिमः लिखित/अन्तरवार्ता तथा प्रयोगात्मक ३) दरखास्त दस्तुरः रु. २५०।- मात्र
४) आवश्यक कागजातहरुः नेपाली नागरिकताको प्रतिलिपि, सम्बन्धित योग्यता हासिल गरेको प्रमाण-पत्रको प्रतिलिपि, पासपोर्ट साइजको २ प्रति फोटो, कम्प्युटर तालिम तथा अनुभवका प्रमाणपत्र, हस्तलिखित निवेदन
५) दरखास्त दिने स्थानः कार्यालय समयभित्र प्रधान कार्यालय गौरादह तथा सेवाकेन्द्र बिर्तामोडमा बुझाउन सकिनेछ ।
६) प्राथमिकताः सवारी साधन चलाउन जान्ने, स्थानीय तथा कार्य अनुभव भएकालाई प्राथमिकता दिइनेछ ।

पदपूर्ति उपसमिति
नमस्ते बचत तथा ऋण सहकारी संस्था लिमिटेड
प्रधान कार्यालय गौरादह-३, सेवा केन्द्र कार्यालय, बिर्तामोड-३, झापा
प्रधान कार्यालय फोन नं. ०२३-४८०२९२, ९८५२६८०२९२, सेवा केन्द्र फोन नं. ०२३-५४५२३०, ९८५२६४५२३०
(कञ्चनजंघा हस्पिटल अगाडि), बिर्तामोड

श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरुप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ उपसम्पादक : तुलसीप्रसाद निरौला ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१)
■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा ■ बजार प्रतिनिधिः गोपाल अधिकारी-९८४२६९६११२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail.com

कविता

बर्कौला मात्र पार्दछन्



कोमलप्रसाद पोखरेल

थुपारी बालुवा मात्र पक्की महल बन्छ र !
मुखका भरमा मात्र खेतमा धान हुन्छ र !

दुइटा गोरूले मात्र सजिलै धान झार्दछन्,
नारे पनि सयौं बोका बर्कौला मात्र पार्दछन् ।

नझारे गोरूले धान लाउनुपर्छ थ्रेसर ।
मजाले धान झारिन्छ बोका र गोरू बेगर ।

साँडे जवानले गाई गाभिनु बन्न सक्दछ,
सुमरेका हजारौंको गड्गडी मात्र चल्दछ ।

कनकाई–३, सुरुङ्गा

फूल र सौन्दर्य

चित्रा कोइराला

एउटै परतन्त्रको धागोमा उनीएर
न म स्वतन्त्र छु न तिमी स्वतन्त्र छौ
तर, यसो भन्दैमा
म तिम्रो अनुमति बिना
तिम्रो जीवन तोड्न सक्दिनँ
तिम्रो सहअस्तित्व लुट्न सक्दिनँ
भन त
तिमी फुल्दा म किन फक्रिन्छु
तिम्रो स्याहारमा म किन रतिन्छु
यो अनन्यको अनुराग
यो प्रेमको अद्भूत आकर्षण
शब्दहरु छैनन् व्यक्त गर्न
तर, कति फरक छ तिम्रो गुण र रूपमा
हरेक मौसमहरूमा
सहज स्वभाविक बन्दै
सहस्त्र कमल भएर
पत्रपत्र फक्रिन्छौ
यहाँ त मान्छे कम दानव ज्यादा भेष बदलेर
कोपिला चुड्न आतुर छन्
सुरक्षित छैनौ तिमी
आफ्नै बाग, गमला, घर र बाटोमा
तर, मेरा भावनामा
मेरो धर्ममा
ईश्वरको सम्भावनाहरूको
कदर गर्ने
भोक बढेको छ
जहाँ तिमी सुकुनले
सौन्दर्यवान रहिरहनेछौ
सुवासित रहिरहनेछौ ।

भ्रष्टाचार

व्यंग्य

खँदाल माइलो



प्राणी जगतमा मानव भएर जन्मिएपछि मानवमा नभई नहुने तत्वहरु मध्ये आचार विचार र सदाचार हुन् । जसरी आँखा भए पनि मनको दृष्टि छैन भने, हात भएर पनि अरुको सेवामा उठ्दैन भने अनि दिमाग भएर पनि सही र गलत छुट्याउन सक्दैन भने त्यो मानवको शरीर केवल मासुको डल्लो, थूप्रो जस्तै हो । मानिसको शरीरलाई आत्माले सञ्चालन गरिरहेको हुन्छ, अनि त्यो आत्मामा आचार, विचार र सदाचार हुनु आवश्यक छ । मानव, शरीर र आत्माबाट बनेको हुन्छ ।

अब तपाईं भन्नु होला, शरीर र आत्मा भएर पनि आचार, विचार र सदाचार यी तीन तत्वहरु छैन भने त्यसलाई के भन्ने ? हो, यी तीन तत्व नभएको मानवको व्यवहार नै भ्रष्टाचार हो । जब सबै आचार, विचार र सदाचारहरु नकारात्मकतर्फ दौडिन थाल्दछन् वा भ्रष्ट हुन थाल्दछन् अनि भ्रष्टाचारको जन्म हुन्छ ।

यो भ्रष्टाचार कहाँ कहिले जन्मियो, यसका मातापिता को-को हुन् त्यो त मलाई थाहा छैन, तर यसको विवाह भने पक्का पनि कमिसनसँग भएको हुनुपर्दछ । यो भ्रष्टाचार र कमिसनको विवाहमा कति सन्तान भए त्यसको लेखाजोखा राख्न यो बबुराले नसके पनि, घूस, ठगी, किर्ते, जालसाझ, रात्रिकालीन भोज आदि इत्यादि चै पक्का पनि यिनका सन्तान नै होलान् । नभए यी सन्तान कसरी फैलिरहेका छन् त !

भ्रष्टाचार एउटा नराम्रो दीर्घकालीन रोग हो । यो रोगले समाएपछि मानिसलाई यसरी ल बनाउँछ कि ऊ भ्रष्टाचार नगरी बस्न नै सक्दैन, लागूपदार्थ सेवक जस्तो । चाहे कमसल मिलाएर होस् वा हात मोलेर होस् वा गलत कागज बनाएर होस्, उसले भ्रष्टाचारको गोली नखाई सक्दै सक्दैन । यो रोग एकपल्ट लागीसकेपछि यसले छोड्दै-छोड्दैन । बरु, एड्स रोग निको हुन सक्ला, कोरोना भाइरसको खोप पत्ता लाग्न सक्ला, तर यो भ्रष्टाचारको रोगले समाएपछि यसको निवारणको दवाई पत्ता लगाउन नै सकिँदैन । यो रोग सिँधै मानिसको रगतमा नै बग्न थाल्दछ । यो रोग विश्वव्यापी रुपमा कोरोना भाइरस जस्तै फैलिरहेको छ । यो रोग सर्ने तरिका फरक होलान्, तर विश्वव्यापी रुपमा यो रोग नलागेका नेता, उच्च पदस्थ कर्मचारी, सरकारका सञ्चालक पाउन दुर्लभ नै हुन्छ । विशेषगरी नेतागण, राज्य सञ्चालक कर्मचारीतन्त्र, सरकारी अंगका महानुभाव सबैलाई यो रोगले चापेको छ । अझ हाम्रो जस्तो अविकसित देशमा त यसले महामारी कै रुप लिएको छ । हाम्रो जस्तो देशमा महोदय जस्तै भ्रष्टदयोहरु छ्याप्तछ्याप्ती भेटिन्छन् ।

यसरी ब्याप्तरुपमा फैलिएको यो रोगको सम्मान गर्न हामीले पात्रोमा नै एक दिनलाई 'भ्रष्टाचार दिवस' मनाऔं । जस्तै एड्स दिवस हुन्छ, प्रेम दिवस हुन्छ भने भ्रष्टाचार दिवस किन नमनाउने !

यो भ्रष्टाचार भन्ने रोग पनि सरुवा रोग नै हुनुपर्दछ । किनभने, जब मानव सत्तामा पुग्छ अनि यो रोगले उसलाई च्याप्न थाल्छ, शक्ति, सत्ता र कुर्सीमा यस्का भाइरसहरु छ्यापछ्याप्ती हुन्छन् होला । सामान्य भुक्के चप्पल लगाएर दोकान-दोकान चहार्ने, अरुले चिया खुवाउँछन् कि भनेर लुखुर-लुखुर डुल्ने मरनच्यासेहरु जब सत्ताधारी कुर्सीमा पुग्छन् अनि यो रोगको प्रभावले चिल्ला गाडीमा चुस्की लिँदै दगुर्न थाल्दछन् । संसारका सबै भ्रष्टोदयहरुले गर्ने भ्रष्टाचार पक्का पनि एकै प्रकारको नहोला । यो त भ्रष्टोदयहरुको भ्रष्टाचार गर्ने कुटनीतिमा भर पर्दछ होला । तर, पनि मेरो विचारमा हाम्रो देशमा गरिने भ्रष्टाचारलाई चार किसिममा विभाजन गरेको छु ।

पहिलो वर्गमा पर्दछन्- नजरना भ्रष्टाचार । यो भ्रष्टाचार अरु भ्रष्टाचारभन्दा फरक तथा विशिष्ट प्रकारको भ्रष्टाचार हो । काम हुनुभन्दा पहिले नै टक्र्याउने उपहार नजरना भ्रष्टाचारमा पर्दछन् । विशेषगरी विशिष्ट पद र शक्ति भएका भ्रष्टोदयहरुलाई उहाँहरुले भ्रष्टाचारको लाइसेन्स प्राप्त गर्नुभएको उपलक्ष्यमा नजराना चढाउने गरिन्छ । भोलिको भ्रष्टाचारको बाटो आजैबाट तयारी राख्न नजराना चढाइन्छ । यस प्रकारको भ्रष्टाचार भर्खरै विवाहित दुलहीलाई मुख हेरेवापत चढाएको उपहार जस्तै भर्खर पद र शक्ति प्राप्त गरेका भ्रष्टोदयलाई दिइने उपहार हो । यस प्रकारको उपहार टक्र्याउन निकै मेहनत गर्नुपर्दछ । राम्रो च्यानल तयार गरेर धेरै रखौटे, भरौटेहरुलाई हातमा लिएर मात्र नजरना भ्रष्टाचार गर्न सकिन्छ ।

अर्को वर्गमा पर्दछन्, शुकराना भ्रष्टाचारी । काम लिइसकेपछि धन्यवादको स्वरुपमा टक्र्याउने उपहार शुकराना भ्रष्टाचार हो । सजिलै हुने काम तर अलि छिटो र आफूले भने जस्तो तरिकाबाट काम सम्पन्न भएपछि धन्यवादका साथ चढाइने उपहार यस वर्गमा पर्दछन् । यस वर्गमा पर्ने भ्रष्टोदयहरु अरुको नजरमा आफू इमान्दार भएको देखिनुपर्ने अनि भित्र-भित्र चै अलि-अलि भए पनि पदको गलत फाइदा उठाई भ्रष्टाचार गर्न मन हुने । 'खान्न-खान्न लोकाचार, खान थाल्यो माना चार' भने जस्तै लोकको नजर बिगार्न चाहँदैनन् । तर, काम सकिएपछिको धन्यवाद उपहार टक्र्याउन को-को आए/आएनन् यस प्रकारका भ्रष्टोदयले सूची नै बनाएर राखेको हुन्छ । काम भएवापत धन्यवाद टक्र्याउन नआउनेलाई खासै त केही पनि प्रतिक्रिया राख्दैनन् । तर, अर्को पल्टको काममा शुरुमा नै बाधा पुऱ्याइदिन्छन् । दोहोरिने, तेहरिने कामका लागि शुकराना उपहार अनिवार्य जस्तै बन्छ ।

तेस्रो वर्गमा पर्दछ हकवाना । यो वर्गका भष्टोदयहरु सारै मापाका हुन्छन् । यस वर्गका भ्रष्टोदयहरु भ्रष्टाचारवापतको उपहारमा आफ्नो पूर्ण हक लाग्ने जस्तै ठानेर स्वीकार छन् । अर्थात, भ्रष्टाचार उनीहरुको हकको कुरा हो । भ्रष्टोदयहरुले भ्रष्टाचार वापतको रकम आफूले पाउनै पर्दछ भनी हठ गर्दछन् । वास्तवमा, यस वर्गमा पर्ने भ्रष्टाचार नीतिगत भ्रष्टाचार अन्तर्गत पर्दछन् । कुनै पनि सरकारी होस् वा गैरसरकारी कामको एक निश्चित प्रतिशत उनीहरुले पाउनै पर्दछ भन्ने हक जमाएर बसेका हुन्छन् । चाहे त्यो सर्वसाधारण जनताको पेट काटेर आधा छाक खाएर जम्मा गरेको रकम स्थानीय क्षेत्रको विकासमा खर्च गरेको किन नहोस्, त्यसको पनि भाग लाग्नु पर्ने हक यस वर्गका भ्रष्टोदयहरुको हुन्छ । मानिस हिँड्ने बाटो होस् वा सडक, ओत लाग्ने सरकारी भवन होस् वा सार्वजनिक भवन त्यसको निर्माण वापत केही रकम यस वर्गका भ्रष्टोदयहरुलाई छुट्याउनु नै पर्दछ । नत्र तपाईंले सोचेको काम अधुरो हुन्छ नै साथै तपाईंलाई भोलि आउने रोगले ग्रस्त पार्छ । न त अगाडि न त पछाडि ! भालुको कन्पट समाए जस्तो । लाग्छ यस वर्गका भ्रष्टोदयहरुको लक्ष्य नै कुम्ल्याउनु मात्र हो । अर्थात्, मानवता र राष्ट्रियता नभएका भ्रष्टोदयहरु यस वर्गमा पर्दछन् ।

अन्तिम वर्गमा पर्दछन् जवराना । यस वर्गका भ्रष्टोदयहरु जवरजस्ती भ्रष्टाचार गर्दछन् । अर्थात्, यस वर्गमा भ्रष्टोदयहरु खुलेआम भ्रष्टाचार गर्दछन् । कुनै पनि काम गरेवापत लाग्ने वैधानिक र अवैधानिक खर्च, भ्रष्टोदयहरु हाक्काहाक्की असुल्न पछि पर्दैनन् । सजिलै हुने कामलाई पनि विभिन्न बाधा-अडचन देखाएर जबरजस्ती भ्रष्टाचार गर्दछन् । विशेषगरी, तल्लो तहका नेता, कर्मचारी आदि सबै यस वर्गमा पर्दछन् । तपाईंले कुनै पनि काम गराउनु छ भने भ्रष्टाचारको गोली साथमा नै बोक्नु होला । किनभने भ्रष्टोदयहरुले तपाईंले सुइक्याइरहनु भएको चुरोटको ठुटो भए पनि मागेर भ्रष्टोदयको आफ्नो रुप देखाइ छाड्छन् ।

यी माथिका चारै प्रकारका भ्रष्टोदयहरुलाई सम्मानपूर्वक एक दिन भ्रष्टाचार दिवस मनाउनका लागि पात्रोमा नै साइत जुराएर राख्न आवश्यक छ । उक्त भ्रष्टाचार दिवसका दिन भव्यरुपले भ्रष्टाचार दिवस मनाउने र भ्रष्टोदयहरुलाई पनि सम्मान गर्दै विशिष्ट रुपमा भ्रष्टाचार गर्ने भ्रष्टोदयहरुलाई क्रमशः प्रथम पुरस्कारवापत भ्रष्टशिरोमणि, द्वितीयलाई भ्रष्टभूषण, तृतीय हुनेलाई भ्रष्टविभूषण र सान्त्वना पुरस्कार वापत भ्रष्टरत्नको व्यवस्था गरी भ्रष्टोदयहरुको मौलिक हकको लागि सम्मान गर्नु पर्दछ ।

स्थल परिचय

प्राकृतिक सुन्दरताको अनुभव 'होमस्टे'मा

☐ **उमानाथ भण्डारी**

कोभिड-१९ का कारण भएको लकडाउनले करिब नौ महिना घरबाट टाढा अथवा बासै बस्नेगरीको यात्रामा गइएको थिएन । यसैबीच बासै बस्नेगरी त्यो पनि नयाँ ठाउँमा जाने एउटा प्रस्ताव आयो घरबाट टाढा नगएको पनि लामो समय भएकोले आएको प्रस्तावलाई समर्थन गर्दै सहमति गरियो ।

शुक्रबार (मंसीर २६) दिउँसो पौने २ बजे केर्खाबाट हामी तीन जना म, विवश बलिभद्र कोइराला र लक्ष्मी ओझा बाटो लाग्यौ, तर म र लक्ष्मीलाई हामी कहाँ जाँदैछौ र कार्यक्रम के हो ? भन्ने बारेमा सबै कुराको जानकारी थिएन भन्ने विवशलाई हामीभन्दा अलि धेरै नै जानकारी थियो किन भने विवशले नै हामीलाई जाउँ भने पछि हामी पछि लागेका हौं । हामी सरसर सालबारी स्थित कवि तथा शिक्षक मनबहादुर लिम्बू (अभागी थेगुवा)को घरमा पुग्यौं । यहाँ हाम्रो प्रतिक्षामा हुनुहुँदोरहेछ ।

हामी त्यहाँ पुगेपछि मनबहादुरजीले चियाबाट हामीलाई स्वागत गर्नुभयो । त्यसपछि खाजाका लागि हामीलाई आग्रह गर्नुभयो । हामी पनि के कम बल्ल-बल्ल नौ महिनामा घर छोड्न पाएको उहाँको प्रस्ताव सकिन नपाउँदै सहमति गरी हाल्यौं । झन्नै एक घण्टा भएछ खाजा खान बसेको त्यसबीचमा विवश र मनबहादुरजीले हाम्रो टिमका नाइके मुनाराज शेर्मा (शिक्षक, कवि तथा समालोचक)लाई सम्पर्क गर्नुभयो । उहाँले हामीहरुलाई मेची राजमार्गको हापेन्ट चोकमा पर्खिरहेको कुरा जानकारी प्राप्त भयो । जब हाम्रो भेट मुनाराज शेर्मासँग भेट भयो त्यसपछि हाम्रो पाँच जनाको टोली मेची राजमार्गको हापेन्ट चोकबाट पूर्वतर्फ लाग्यो ।शान्तिनगरमा पुगेपछि स्थानीय आयोजक प्रमोद खतिवडासहितको आयोजक मित्रहरुसँग भेट भयो त्यहाँ सामान्य परिचय भयो ।

त्यसपछि थाहा भयो झापाको बुद्धशान्ति गाउँपालिका र इलामको रोङ्ग गाउँपालिकाबीच ग्रामिण पर्यटन प्रवर्द्धनको प्रचार-प्रसार गरी पर्यटनसँग सम्बन्धित क्षेत्रहरुको पहिचान गरी भविष्यमा के-कस्ता कार्यक्रम गर्न सकिन्न भनेर झापा क्षेत्र नम्वर १ ख का संघीय सांसद माननीय सुरेन्द्र कार्की (राम कार्की)को प्रमुख आतिथ्यतामा हुने पदयात्रा कार्यक्रममा पत्रकार तथा कविहरुलाई निम्ता गरिएको रहेछ र आफू पनि त्यही टोलीको एकदिने सदस्य भएको थाहा भयो ।

परिचयकै क्रममा यति कुरा थाहा पाएपछि आयोजकसहित आठ जनाको हाम्रो टोली इलामको रोङ्ग गाउँपालिका वडा नम्बर ५ स्थित पुलामी डाँडा होमिस्टेतर्फ लाग्यो । हाम्रो टोली करिब पौने ६ बजे पुलामी डाँडा होमस्टेमा पुग्यौं । हामी पुग्ना साथ पुलामी डाँडा होमस्टे प्रवर्द्धन समितिको तर्फबाट हाम्रो स्वागतमा गरिएको क्याप्प फाएर, यसका साथै स्थानीय ठाउँमै उत्पादन गरेको लोकल वाईन र लोकल भालेका परिकाले हामीलाई स्वागत गर्नुभएको थियो । पुलामी डाँडा होमस्टेको हामी पहिलो पाउनु भएकोले राम्रो स्वागत सत्कार पायौं । भोलिपल्ट अथवा मंसीर २७ गते बिहान सयपत्री फूलको माला लगाएर हामीलाई विदाइ गर्नु । हामी ग्रामीण पर्यटन प्रवर्द्धन समितिका साथमा पदयात्रा तर्फ लाग्यौं । पदयात्राका क्रममा जोर साँगु, ठुटेबर, सतिगौडा, कमेरे माउन्टेन, देवान डाँडा, महानन्द सापकोटाको जन्म स्थाल देवानछाप, चिसापानी डाँडा, खपाङ्गी टार मुर्चुङ्गे बजार, छावा झर्ना लगायतका ठाउँमा जानुपर्ने तालिका भए पनि समय अभावका कारण हामी सबै ठाउँमा पुग्न सकेनौं ।

पुलामी डाँडा होमस्टेको विषेशता

पुलामी डाँडा होमस्टे रोङ्ग गाउँपालिकाको वडा नम्वर ५ मा पर्दछ। यो स्थान समुद्री सतहबाट नौ सय १८ मिटर उचाईमा अवस्थित छ। यहाँ जान मेची राजमार्गको हापेन्ट चोकबाट पूर्व शान्तिनगर, ठुटेवर हुँदै करिब १५ किलो मिटरको यात्रा गरेपछि यो ठाउँमा पुग्न सकिन्छ। यस ठाउँको विषेशता भनेको यहाँबाट सूर्योदय र सूर्यअस्त एउटै स्थानबाट देख्न सकिन्छ । झापा, इलाम र भारतको विभिन्न भागको दृश्यावलोकन गर्न सकिने पुलामी डाँडा होमस्टे प्रवर्द्धन समितिका संयोजक दलबहादुर पुलामी बताउनुहुन्छ। यसका साथै स्थानीय स्तरमा नै उत्पादन गरेको लोकल वाईन र लोकल भालेको सुपका पारखीका लागी भने यो ठाउँ झनै रमाईलो हुनेछ।

देवान डाँडा

रोङ्ग गाउँपालिक वडा नम्वर ५ मा रहेको देवान डाँडा समुद्री सतहदेखि एक हजार एक सय ८९ मिटरको उचाईमा पर्दछ। देवान राजाले गढीमा रहेका आफ्ना सैनिकको निरीक्षणका लागि जाने मुख्य सडकको रुपमा लिने गरिएको पाइन्छ। यस ठाउँमा रातको समयमा घुँगरु लगाएको घोड हिँडेको आवाज आउने गरेको स्थानीय बताउँछन्। यस ठाउँबाट झापा, इलाम लगायत भारतका विभिन्न ठाउँहरुको अन्यन्तै सुन्दर दृश्य अवलोकन गर्न सकिन्छ।

जोर साँगु

बुद्धशान्ति गाउँपालिकाको वडा नम्वर ६ मा स्थित जोर साँगु जिल्लाकै लामो भोलुङ्गे पुलमा पर्दछ। दुईवटा पुल एकै ठाउँमा पर्ने भएकोले यस ठाउँको नाम जोर साँगु रहन गएको हो। यहाँबाट प्राकृतिक रुपमा अत्यन्तै मनोरम दृश्य अवलोकन गर्न सकिन्छ। लेप्चा जातिले पूजा गर्ने धार्मिक स्थाल पनि यसै ठाउँ पर्छ भने जिल्लाकै उत्कृष्ट अलैंची खेती पनि यसै ठाउँमा रहेको छ।

मुर्चुङ्गे बजार

रोङ्ग गाउँपालिक वडा नम्वर ५ मा रहेको मुर्चुङ्गे बजार र नजिकै रहेको ऐतिहासिक देवीथान र प्राचीन गुफा पर्यटन आकर्षणको केन्द्र बन्दैछ। प्राचीनकालमा गाईगोरु चराउन जाने गोठालाले स्थानीय बोट-बिरुवाको पातलाई बेरेर मुर्चुङ्गा जस्तो बजाउने गरेका कारण यस ठाउँको नाम मुर्चुङ्गे बजार रहन गएको हो। शुरुमा अत्यन्तै डरलाग्दो स्थान रहेको यस स्थानमा क्रमश बस्ती विकास हुँदै गएको र पछिल्लो समय यस ठाउँमा बजारको समेत स्थापना भईसकेको छ।

ठुटेबर

बुद्धशान्ति गाउँपालिकाको वडा नम्वर ६ मा स्थित ठुटेबरको आफ्नो छुट्टै पहिचान छ। यो बर कसैले जमिनमा नरोपी ठुटाबाट पलाएको हुनाले यस ठाउँको नाम ठुटेबर रहन गएको भन्ने भनाई छ। करिब तीन सय वर्ष पुरानो अत्यन्तै ठूलो बरको रुख भएकोले पनि यसलाई सबैले चिन्ने गरेको छ। यो ठाउँमा परापूर्वकालदेखि नै धाननाच हुने र त्यहीबाट विवाह हुने चलन थियो। अहिले पनि उभौली र उदौली पूजा हुने गर्दछ। नयाँ अन्न पाक्न साथ यसै ठाउँमा भेला भएर सामुहिक रुपमा न्वागी खाने चलन छ। प्रवासी नेपालीहरुले पनि ठुटेबर भन्ने बित्तिकै चिन्ने गरेको पाइन्छ।

छावा खोल्सी झर्ना

रोङ्ग गाउँपालिका वडा नम्वर ३ र ५ को सिमानामा पर्ने छावा खोल्सी झर्ना भिमकाय चट्टानको बीचबाट बगेको छ। प्राकृतिक रुपमा अत्यन्तै सुन्दर यस ठाउँमा पुग्ने जसलाई प्राकृतिक सुन्दरताले लोभ्याउन सक्छ। विदाका समयमा घुम्न र वनभोज खान जानेका लागि समेत यो ठाउँले उपयुक्त रहेको छ।

ग्रामीण पर्यटन प्रवर्द्धन समिति संयोजक प्रमोद खतिवडाका साथमा झापा क्षेत्र नम्वर १ ख का संघीय सांसद सुरेन्द्र कार्की, समाजसेवी सदिक्षा कार्की, राजेन्द्र चिमरिया, बद्धशान्ति गाउँपालिका वडा नम्वर ६ का वडा सदस्य लेखनाथ निरौला, रोङ्ग गाउँपालिका वडा नम्वर ५ का वडाध्यक्ष युवराज राई लगायत स्थानीयको उपस्थितीमा मुर्चुङ्गे बजारमा हाम्रो टिमका साहित्यकार मुनाराज शेर्मा, विवश बलिभद्र कोइराला, मनबहादुर लिम्बू (अभागी थेगुवा) सोमदत्त राई लगायतले अत्यन्तै मिठो गीत तथा कविता प्रस्तुत गर्नुभएको थियो ।

रोङ्ग गाउँपालिका- ५ र बुद्धशान्ति गाउँपालिकाका- ६ मा रहेका प्राकृतिक सम्पदालाई नोक्सान नगरी यस ठाउँको विकास गर्न आवश्यक छ। बाहिरबाट आउने पर्यटकले प्राकृतिक सुन्दरताको अनुभव गर्न पाएमात्र यस ठाउँमा पर्यटन व्यवसायको विकास हुने झापा क्षेत्र नम्वर १ ख का संघीय सांसद सुरेन्द्र कार्की बताउनुहुन्छ।

शनिश्चरे साना किसानको सातौं सभा

अर्जुनधारा, पुस १०। अर्जुनधारा-८ स्थित शनिश्चरे साना किसान कृषि सहकारी संस्था लिमिटेडको सातौं वार्षिक साधारणसभा सम्पन्न भएको छ।

संस्था सञ्चालक समितिका अध्यक्ष भैरवबहादुर खड्काको अध्यक्षता र संविधानसभा सदस्य प्रेमबहादुर गिरीको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा स्वागत उपाध्यक्ष गोमादेवी बिमलीले गरेकी थिइन्।

कार्यक्रममा संस्थाको वार्षिक प्रगति प्रतिवेदन अध्यक्ष खड्काले, प्रबन्धकको प्रतिवेदन प्रबन्धक भूमिनाथ बरालले, लेखा समितिको प्रतिवेदन संयोजक केदारनाथ पोखरेलले र पशु सुरक्षण (बिमा) समितिको प्रतिवेदन संयोजक पशुपति घिमिरेले प्रस्तुत गरेका थिए।

संस्थाको चुक्ता शेयर पुँजी ७४ लाख ३७ हजार एक सय रुपैयाँ, निक्षेप एक करोड ६९ लाख ९३ हजार १२ रुपैयाँ नौ पैसा र ऋण लगानी तीन करोड ६३ लाख १९ हजार ६० रुपैयाँ रहेको छ। त्यस्तै संस्थाको गत आर्थिक वर्षको आम्दानी ७१ लाख ९२ हजार नौ सय ६४ रुपैयाँ ६६ पैसा, जम्मा खर्च ५० लाख ८४ हजार एक सय १९ रुपैयाँ ६२ पैसा र कुल नाफा २१ लाख आठ हजार आठ सय ४५ रुपैयाँ चार पैसा रहेको बताइएको छ।

कार्यक्रममा नगर पशुपन्छी, मत्स्य तथा कछुवा विकास शाखा प्रमुख पदमलाल राई, नगर कृषि विकास शाखा प्रमुख उर्मिला राजवंशी, साना किसान लघुवित्त वित्य संस्था इलाका कार्यालय बिर्तामोडका इच्छाराम पोखरेल लगायतले बोलेका थिए। कार्यक्रमको सञ्चालन प्रबन्धक बरालले गरेका थिए।

'किरातीजम र हिन्दूजमकै सहकार्यमा सत्ता निर्माण'

बिर्तामोड, पुस १०। किरात मोर्चा लिम्बुवान संयोजन समितिको संयोजकमा एम.डी. किराती चयन भएका छन्।

किरात मोर्चाले शुक्रवार बिर्तामोडमा पत्रकार भेटघाट गर्दै एम.डी. किरातीको संयोजकत्वमा २२ सदस्यीय किरात मोर्चा लिम्बुवान संयोजन समिति गठन गरेको जानकारी दिएको हो।

नवगठित समितिको सदस्यमा पदम चोङ्वाङ्ग, चन्द्र पन्धाक, सुवास योङ्हाङ्ग, देवु राई, हेमन्त खिम्दिन, थामशेर लिम्बू, राम थेगिम, धन थाम्सुहाङ्ग, सृजङ्गा, ध्रुर्व तुम्वापो, दिनेश जवेगु, चन्द्र साँवा, प्रवेश मिभक, वी.वी. लिम्बू, अनम लिम्बू, चुनाव योङ्हाङ्ग, मेघ लिम्बू, शिव इङ्नाम, केशव आङ्वोहाङ्ग, सिमेलुङ र ओम राजधामी चयन भएका छन्। समितिको सल्लाहकारहरुमा कुसुम लिङदेन र अशोक नेम्वाङ्ग चयन भएका छन्।

किरात मोर्चाका केन्द्रीय सदस्य सचिव मिसेकहाङ थाम्सुहाङ्गले नेपाल किरात देश पुनर्निमाण गर्ने उद्देश्यले देशभर संगठन विस्तार गर्ने क्रममा किरात मोर्चा लिम्बुवान संयोजन समिति गठन गरिएको बताए।

नेपालको प्राचिन, सनातन सभ्यता किरात सभ्यता, किरातीजम(मुन्धुम)भएको र त्यसको जगमा मात्र देशको राष्ट्रियता, सम्प्रभुता, विकास सवल बन्न सक्ने र अन्ततगोत्वा यो देश किरातीजम र हिन्दूजमकै सहकार्य र सहअस्तित्वमा मात्र सत्ता निर्माण हुन्छ भन्ने किरात मोर्चाको ठहर रहेको उनले बताए। नेपाल किरात सभ्यताको जगमा किरात देश पुनर्निमाण गर्नुपर्ने र किरात देश अन्तर्गत सवैलाई समेट्ने उनले बताए।

कार्यक्रममा किरात मोर्चा लिम्बुवान संयोजन समितिका संयोजक एम.डी. किराती, जिल्ला संयोजक साम्योहाङ लिम्वूलगायतले आ-आफ्ना धारणा राखेका थिए।

बोलेरोले किच्दा चालकको मृत्यु

भोजपुर, पुस १०। भोजपुर नगरपालिका-५ बस्ने ३८ बर्षीय प्रेमकुमार तामाङको बोलेरो गाडीले किचेर मृत्यु भएको छ।

तामाङले आफ्नै घर छेउमा पार्किङ गरी राखेको मे १ ज २९८८ नम्बरको वोलेरो गाडी स्टार्ट गर्ने क्रममा स्टार्ट नभएपछि गाडीको अगाडी गई चेक गर्ने क्रममा एक्कासी गाडी गुड्न गई तामाङलाई किच्दा उनको घटनास्थलमा नै मृत्यु भएको जिल्ला प्रहरी कार्यालय भोजपुरले जनाएको छ।

सिद्धार्थ बैंकको रक्तदान

बिर्तामोड, पुस १०। सिद्धार्थ बैंक लिमिटेडले १८औं वार्षिकोत्सवको रक्तदान गरेर मनाएको छ।

सिद्धार्थ बैंक लिमिटेड बिर्तामोड शाखाको आयोजना तथा नेपाल रेडक्रस सोसाइटी बिर्तामोड उपशाखाको प्राविधिक सहयोगमा शुक्रबार बिर्तामोडमा रक्तदान कार्यक्रम गरिएको हो।

झापामा भइरहेको रगतको अभाव कम गर्न बैंकको संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत रक्तदान कार्यक्रम आयोजना गरिएको सिद्धार्थ बैंक लिमिटेड बिर्तामोड शाखाका प्रमुख हरिप्रसाद लामिछानेले जानकारी दिए। बिर्तामोडस्थित दुर्गामन्दिर परिसरमा भएको कार्यक्रममा ५५ जनाले रक्तदान गरेको बिर्तामोड शाखाका सम्पर्क अधिकृत घनेन्द्र गुरुङले जानकारी दिए।

कार्यक्रममा सहभागि रक्तदाताहरुलाई सिद्धार्थ बैंक लिमिटेड उप प्रदेश कार्यालय प्रमुख सुवास श्रेष्ठले प्रमाण पत्र प्रदान गरेको बिर्तामोड शाखाका ऋण अधिकृत सुरेश पाठकले जानकारी दिए।

घर बिक्रीमा

बिर्तामोड-५ मा

सम्पर्क: ९८१६९३४०८१

ताप्लेजुङ-पाथीभरा सफल यात्रा

बिर्तामोडबाट ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बु, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस्।

ताप्लेजुङ पाथीभरा काउन्टर

मो. ९८०३२५०४७२/९८०१३६४०९३

जग्गा बिक्रीमा

बिर्तामोड मुक्तिचोकबाट ५ किलोमिटर दक्षिण सैनिक क्याम्प,पथरभिट्टा हुँदै शिवालय चोकबाट २०० मिटर, दोर्णमार्ग (गोलधाप जाने मार्ग)मा रहेको १६ कठ्ठा क्षेत्रफल भएको प्लटिङयोग्य एवम् कृषिफर्मको लागि उपयुक्त जग्गा सस्तो सुलभ मुल्यमा बिक्रिमा छ। दलालले कष्ट नगर्नुहोला।

सम्पर्क: ९८४१९३३८५९,९८१५००६९९०

(सिधा सम्पर्क: ताराप्रकाश भट्टराई)

हाडजोर्नी तथा नसाका समस्याहरुको सफल उपचार

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार।

जाँच तथा उपचार हुने समस्याहरु

- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुवै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ।
- प्लाराइसीस भएका तथा हिंड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ।

स्पार्क पूर्वाञ्चल अस्पताल, कनकाई रोड

नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५४०१२३, ९८०३१५४६१९)

फ्लाट तथा घर भाडामा

बिर्तामोडस्थित पश्चिम बस स्टेण्ट उत्तर हाइवेले छोएको युनाइटेड फाइनान्स बसेको घरको दोस्रो तला बैंक, सहकारी, फाइनान्स, होटल लजको लागि २२०० स्क्वायर फिट भएको फ्लाट भाडामा छ। साथै त्यही घरको पछाडि रहेको २ तले घर समेत भाडामा छ।

सम्पर्क : ९८५२६४१७४०
९८४४६९८३४०

साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई

झापामै पहिलोपटक भ्याकुम सिष्टमको ठूलो र सस्तो ढल तथा सेफ्टी ट्याङ्की सरसफाईको लागि हामीलाई सम्झनुहोस्।

सम्पर्क: ९८१४९९३७१२, ९८२४९८११७४, ९८४२६७७८५५, ९८६२६४८२८२

सेफ्टी ट्याङ्की तथा ढल सफाई

अत्याधुनिक ट्र्वो (Trabo) प्रविधि सिस्टमको ठूलो ट्याकीबाट सस्तोमा दुगन्र्धरहित हजुरहरुको सेफ्टी ट्यांकी सरसफाई गर्नु परेमा हामीलाई सम्झनुहोस्।

'चट्ट फोट झट्ट सेवा'

सम्पर्क: ०२३-५५०६२०
९८४२६५५७००, ९८०४९३८१००,
९८०७९३०७४०, ९८१७९२९३९४

जग्गा बिक्रीमा

अर्जुनधारा-८ कदमगाछी नजिक ३२ फुट मुख भएको १० धुर जग्गा बिक्रीमा छ।

मो. ९८०७९१०२२२

घडेरी बिक्रीमा

झापाको बिर्तामोडबाट ३.८ कि.मी. को दूरीमा लक्ष्मीपुरबाट उत्तर पान्डापुरका घडेरीहरु उचित मूल्यमा बिक्रीमा छ।

मो. ९८४१३२८७९८,
९८१८९४०३१३/९८४२७५६१००

कर्मचारी आवश्यकता

लेखापाल : १ जना
योग्यता : +२ पास
(टेली प्याकेज जानेको ड्राइभिङ लाइसेन्स भएको)
तलब : आपसी समझदारीमा

कञ्चनजंघा इन प्रा. लि.

मो. ९८०१४२४०१८, ९८०१४२३६४७

टाटा सुमो गाडी भाडामा चाहिएमा

बितामोडदेखि पशुपतिनगर र पशुपतिनगरबाट बिर्तामोड दैनिक यात्रा साथै रिजर्भका लागि १० सिट भएको टाटा सुमो गाडी चाहिएमा सम्पर्क गर्नुहोला।

मो. ९८१५९५२४९९/९८४१३२१४६४

छापाखाना

बिभिन्न किसिमको विवाह कार्ड उपलब्ध छ
फोटोकपि
स्टाम (छाप)
अफसेट प्रिन्ट
स्क्रीन प्रिन्ट
फ्लेक्स प्रिन्ट
होर्डिङ बोर्ड
लेमिनेशन
डिजिटल प्रिन्ट
लगायत छपाई सम्बन्धि सम्पूर्ण काम गरिन्छ
लेमिनेशन भिजिटिङ कार्ड चाहिएको छ, हामीलाई सम्झनुहोस्
२ बार १२ महिना कन्यादानमा
घिमिरे अफसेट प्रेस बिर्तामोडमा
[illegible] उत्तरपट्टिको घर
फोन नं. ०२३-५४२१५९,
९८४२६२५३५३/९८१४०३६३४४

सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला।

झापा सेफ्टी ट्यांकी तथा ढल सफाई

बिर्तामोड सम्पर्क
राजुकुमार श्रेष्ठ
९८५२६४६००५
९८०६०१०४१०
९८४२६३४६२७
०२३-५४६००५

दमक सम्पर्क:
देवी सिटौला
९८२४९७९१८५
९८४२७६०२६५
९८४२३३२४३०

झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ।

दुवईमा अफिस ब्वाई,हाउस किपिङ्ग तथा पुरुष क्लिनरहरुको आवश्यकता

कम्पनी Deyaar Facilities Management LLC, UAE

पूर्व स्वीकृत मिति: [illegible] चलानी नं. [illegible] LT.No. 234471 पुन विज्ञापन

क्र.सं.	कामदारको पद	माग संख्या	न्यूनतम योग्यता	मासिक तलब		हप्तामा काम गर्ने दिन	दिनमा काम गर्ने घण्टा	ओभर टाइम सुविधा	वार्षिक बिदा	खाना सुविधा	बस्न सुविधा	करार अवधि
				AED	ने.रु.							
1	Cleaners	100	साक्षर	800	२५,६००	६ दिन	८ घण्टा	क. नि. अनुसार	क. नि. अनुसार	छ		२ वर्ष
2	Office Boy	50		900	२८,८००							

नोट
१. अफिस ब्वाई हाउस किपिङ्गको हकमा अंग्रजी राम्रो बोल्न जान्ने हुनुपर्नेछ।
२. क्लिनरको उमेरको हकमा १८ बर्ष पुरा भई ४४ बर्ष ननाघेको हुनुपर्नेछ।

कम्पनी : Serveu LLc,Dubai,UAE

पूर्व स्वीकृती मिति : २०७७/०९/०३ चलानी नं. ६०१५३८८८ LT.No. 235504

क्र.सं.	कामदारको पद	माग संख्या	न्यूनतम योग्यता	मासिक तलब		हप्तामा काम गर्ने दिन	दिनमा काम गर्ने घण्टा	ओभर टाइम सुविधा	वार्षिक बिदा	खाना सुविधा	बस्न सुविधा	करार अवधि
				AED	ने.रु.							
1	Cleaning/Washing Worker	100	साक्षर	800	२५,६००	६ दिन	८ घण्टा	क. नि. अनुसार		छ		२ वर्ष

फाईनल अन्तरवार्ता सम्बन्धित कम्पनीको प्रतिनिधीबाट बिर्तामोडको होटल शिद्धार्थमा मिति २०७७ पुस ११ र १२ गते र पुस १३ गते खुकुरी होटल इटहरीमा हुनेछ।

शिवाकोटी मेनपावर सर्भिस प्रा. लि.

सामाखुशी रिङ्गरोड, काठमाडौं। सम्पर्क: ०१-४३८७९९१, ४३८७९९२

शाखा कार्यालय बिर्तामोड:- ०२३-५४१०६०, ५४०५१७, ५४५३३८८, मो. ९८०१०३३९७७

(श्रम इजाजत नं. ८०६/०६४/६५) ९८०१०३३९७२, ९८०१०२३८१३, ९८०१०३३९७५,९८०१०३३९७०, ९८०१०३३९७४

email: pr@siwakoti.com, branchbtm@gmaill.com

श्री छिमेकी बचत तथा ऋण सहकारी संस्था लिमिटेड

शिवसताक्षी-८, झापा, पान ३०२९२५४२१, द.नं. १४/०६४/०६५
वित्तीय स्थिति विवरण (वासलात)
मिति २०७७ साल आषाढ ३१ गतेको

१४औं वार्षिक साधारण सभा मार्फत सार्वजनिक वासलात

पुँजी तथा दायित्व २०७७/०९/१०

क्र.सं.	विवरण	अनुसूचि	आ.व.२०७६/०७७	आ.व.२०७५/०७६
१०	शेयर पुँजी हिसाब	१	७६,५११,७००.००	४२,९५७,१००.००
२०	जगैडा तथा अन्य कोष हिसाब	२	३१,१२६,१५९.३६	२३,०३२,४८९.२९
३०	बचत (निक्षेप) हिसाब	३	२४९,३३०,४७५.१२	१२२,७२४,७१२.४७
४०	तिर्नुपर्ने ऋण हिसाब	४	११३,८२६,११४.१७	५५,६४१,८०९.४९
६०	भुक्तानी दिनुपर्ने हिसाव	५	२,६९०,०९७.१८	१००,०००.००
७०	अन्य दायित्व हिसाव	६	२०,०६२,११२.९६	५११,०९८.१५
	जम्मा		४९३,५४६,६५८.७९	२४४,९६७,२०९.४०

सम्पत्ती

क्र.सं.	विवरण	अनुसूचि	आ.व. २०७६/०७७	आ.व.२०७५/०७६
८०	नगद मौज्दात	७	६,१९३,०४९.६०	८,६३०,६४८.७७
९०	बैंक मौज्दात	७	३२,६९१,५०८.८२	१३,७९२,३०३.३६
१००	लगानी हिसाब	८	२०,६६०,१९४.२८	१२,३०९,१९४.२८
११०	सदस्यहरुसँग बाँकी ऋण	९	३९७,९२३,७४२.४१	१९८,५९५,३४४.२७
१२०	पेश्की, साप्टी तथा पाउनुपर्ने हिसाव	१०	२३,९८६,०७४.२८	३०८,६९४.७२
१३०	स्थिर सम्पत्ती	११	१२,०९२,०८९.४०	११,३३१,०२४.००
	जम्मा		४९३,५४६,६५८.७९	२४४,९६७,२०९.४०

१ देखि११ सम्मका अनुसूचीहरु वित्तीय स्थिति विवरणका अभिन्न अंग हुन्।

कार्यकारी प्रमुख	लेखा संयोजक	उपाध्यक्ष	अध्यक्ष
नरप्रसाद ओली	यामबहादुर खड्का	मोहनप्रसाद मैनाली	गणेशकुमार प्रधान

पाथीभरा सिने प्लाजा बिर्तामोड अब पुस १० गतेबाट खुल्ला

नेपाली कथानक चलचित्र
सेन्टी भाइरस
शुक्रवारबाट प्रदर्शनमा

पहिलो शो ११:४५ । दोस्रो शो २:४५ । तेस्रो शो ६:३०

बुकिङ्ग गरेको टिकट एक घण्टापछि स्वत: क्यान्सिल हुनेछ। (फोन नं. ०२३-५४६४३६)

गमला चाहिएमा

घर कम्पाउण्डमा फूल रोप्न, बगैंचा सजाउन साथै सागसब्जी कौशीखेतीका लागि अति उपयोगी कंक्रिटका शानदार गमला सुपथ मूल्यमा चाहिएमा हामीलाई सम्पर्क गर्नुहोस्। धेरै संख्यामा लिनेलाई डेलिभरीको पनि व्यवस्था छ।

सम्पर्क: भूपाल कार्की
९८०१४०४०००
९८१६६४१५७३
अर्जुनधारा-५, विहीवारे बजार लक्ष्मीपुर

ज्यो. मधुसूदन रिजाल
(स्वर्णपदक विजेता)
वैदिक ज्योतिष परामर्श केन्द्र
शनिश्चरे रोड, बिर्तामोड (९८४२०५७४९९)

मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) - प्रयत्न गर्दा विशेष स्थान प्राप्त हुनेछ। विभिन्न अवसरले पछ्याउनेछन् भने भविष्यका लागि विशेष काममा जग बसाउने अवसर जुट्नेछ।

बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) - मेहनतले नाम, दाम र इनाम दिलाउन सक्छ। कामको सन्दर्भमा विशिष्ट व्यक्तिहरूसँग मित्रता बढ्नेछ।

मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) - नोकरी तथा व्यापार-व्यवसायमा लाग्नेहरूलाई विशेष फाइदा होला। रुचीका विषयमा लगानी बढाउने अवसर मिल्नेछ।

कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) - आफ्नै वचनबद्धता पालना गर्न नसक्ने स्थिति आउला। अरूका काममा समय बित्न सक्छ। बोल्दा विचार पुर्‍याउनुपर्ला।

सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) - चिताएको काम बीचैमा रोकिनाले दोहोर्‍याउनुपर्ने स्थिति आउला। आशा देखाउनेहरूले धोका दिनेछन्।

कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) - प्रयत्न गर्दा केही काम बन्नेछन्। धेरैलाई फाइदा हुने काम सम्पादन गर्न सकिनेछ। अस्वस्थताका बाबजुद जिम्मेवारी थपिनेछन्।

तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) - अरूका विषयमा चासो लिँदा झमेला आइलाग्न सक्छ। अवसर जुटे पनि ठूलो उपलब्धि हातलागी नहुने देखिन्छ।

बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) - स्वास्थ्य कमजोर रहनेछ भने पहिलेको योजना स्थगित हुन सक्छ। जोखिम हुने काम थालनी गर्नुअघि विचार पुर्‍याउनुहोला।

धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) - समस्या दर्शाउँदा सहयोगीहरूले साथ दिनेछन् र सफलता मिल्नेछ। आस मारेको कामले उत्साह जगाउनेछ।

मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) - सुन्दर पहिरनले व्यक्तित्व निखार्दै अवसर हातपार्ने समय छ। रमाइलो तथा व्यावसायिक यात्रा हुन सक्छ।

कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) - अतिथिका रूपमा सत्कार समेत पाइएला। मनपर्ने भौतिक साधन जोड्ने समय छ। आयवर्द्धक काम

[redacted]

र्न सकिनेछ।

दु, थ, झ, ञ, दे, दो, च, चि) - र्को अवसर आउनाले मन प्रसन्न रहनेछ। साथीभाइबाट सहयोग जुट्नाले काममा ल्नेछ।